आठौ वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा यस उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०८/०४ गते सम्पन्न आठौं वार्षिक साधारण सभाबाट तपसिल अनुसारको निर्णय भई पारित भएको विवरण अभिलेख गरिएको छ ।

साधारण सभाको स्थान र मिति

मितिः २०८३/०८/०४ गते शुक्रबार (तदनुसार २० नोभेम्बर, २०२६)
समयः बिहान १० बजे
स्थानः होटल सेन्टर प्लाजा कोहलपुर, बाँके

सभाको आधिकारिकता

संस्थाको कुल चुक्ता पूँजी अनुसार कुल शेयरधनी संख्या अर्थात कुल शेयर कित्ता १०,६१,४८२ को ६,८२,२५८ कित्ता बराबर कुल शेयरधनीको ६३.५० प्रतिशत उपस्थिति भएकोले कम्पनि ऐन २०६३ को दफा ७३ को उपदफा २ बमोजिम पब्लिक कम्पनिको साधारण सभा गर्न गणपुरक संख्या रहेकोले साधारण सभा सम्वन्धि कारवाही प्रक्रिया संस्थाको कम्पनी सचिवबाट शुरु गरियो ।

क) <u>सामान्य प्रस्तावहरु</u>

१) आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।
२) आ.व.२०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन, वासलात तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८३ असार मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संम्लग्न अनुसुचीहरु) समेत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।
३) वैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.२०८३/०८४ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संस्थापक समुहबाट सञ्चालक निर्वाचन गरी नियुक्त गर्ने सम्वन्धमा ।
५) सर्वसाधारण समुहबाट सञ्चालक निर्वाचन गरी नियुक्त गर्ने सम्वन्धमा ।

ख) <u>बिशेष प्रस्तावहरु</u>

१) संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्वन्धि प्रक्रिया अगाडी वढाउनका लागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
२) संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्यांक **(Due to diligence Audit DDA)** गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्वन्धि समझदारी पत्रमा **(Memorandum of Understanding)** तर्जुमा गर्न र सो सम्वन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।
३) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सिलसिलामा सम्वन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि वमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

उपकार लघुवित्त वित्तीय संस्था लि. ★ केन्द्रिय कार्यालय, कोहलपुर (बाँके) ★ उपकार २०७५

<u>निर्णयहरु</u>

१) **सामान्य प्रस्तावको प्रस्ताव नं. १** माथि छलफल गर्दा अध्यक्ष ज्युवाट प्रस्तुत भएको आर्थिक वर्ष २०८२/०८३ सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने निर्णय सहित साधारण सभावाट स्वीकृत भई निर्णय भयो ।

२) **सामान्य प्रस्तावको प्रस्ताव नं. २** माथि छलफल गर्दा अध्यक्ष ज्युवाट प्रस्तुत भएको आ.व.२०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन, वासलात, तथा सोका आधारमा तयार पारिएको वित्तीय विवरणहरु (मिति २०८३ असार मसान्त सम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका संम्लग्न अनुसुची हरु) समेत वित्तीय विवरण छलफल भई साधारण सभावाट स्वीकृत भई निर्णय भयो ।

३) **सामान्य प्रस्तावको प्रस्ताव नं. ३** माथि छलफल गर्दा अध्यक्ष ज्युवाट प्रस्तुत भएको बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६३ र कम्पनि ऐन २०६३ दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व. २०८३/२०८४ का लागि लेखापरीक्षण समितिको सिफारिस वमोजिम वाह्य लेखापरिक्षक श्री **PRSH & Associates, Charter Accountants** (सुवास पाडेल) लाई वार्षिक रु.३,००,०००।– कर वाहेक पारिश्रमिक भुक्तानी गर्ने गरि नियुक्ति गर्ने साधारण सभा वाट निर्णय भयो ।

४) **सामान्य प्रस्तावको प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस वित्तीय संस्थाको सञ्चालक समितिमा समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संस्थागत सञ्चालक वाहेक समूह "क" का संस्थापक शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको मिति २०८३/०८/०४ गते भएको निर्वाचनमा २ जना शेयरधनीहरुको मात्र उम्मेद्वारी परेको हुँदा तपसिल वमोजिमका संस्थापक शेयरधनीहरु निर्वाचित भएको व्यहोरा वार्षिक साधारण सभावाट पारित गरियो ।

क्र.स	संस्थापक शेयरधनी		
	नाम	पिता/पतिको नाम	ठेगाना
१)	श्री शान्तिदेवी ढकाल	श्री चिरञ्जिवी ढकाल	नेपालगंज २०, वाँके
२)	श्री नितु शर्मा	श्री रविन महत	कोहलपुर ०८ वाँके

५) **सामान्य प्रस्तावको प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस वित्तीय संस्थाको सञ्चालक समितिमा समूह "ख" का सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने समूह "ख" सर्वसाधारण शेयरधनीको तर्फवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको मिति २०८३/०८/०४ गते भएको निर्वाचनमा ३ जना शेयरधनीहरुको उम्मेद्वारी परेको हुँदा सर्वसाधारण शेयरधनी श्री भगवती रेग्मीले आफ्नो उम्मेद्वारी फिर्ता लिएको हुँदा वाँकी २ जना शेयरधनीहरु निर्वाचित भएको व्यहोरा वार्षिक साधारण सभावाट पारित गरियो ।

क्र.स	सर्वसाधारण शेयरधनी		
	नाम	पिता/पतिको नाम	ठेगाना
१)	श्री निशा वाग्ले	श्री विमल वाग्ले	कोहलपुर ११, वाँके
२)	श्री अमर कुमार शाह	श्री राज नारायण प्रसाद तेली	काठमाण्डौ मा.न.पा. ३१ काठमाण्डौ

उपकार लघुवित्त वित्तीय संस्था लि. * केन्द्रिय कार्यालय, कोहलपुर (वाँके) * उपकार २०७५

बिशेष प्रस्तावहरु

६) **बिशेष प्रस्तावको प्रस्ताव नं. १** माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ती-एक्विजिसन तथा सम्बन्धि प्रक्रिया अगाडी बढाउनका लागी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत निर्णय पारित भयो ।

७) **बिशेष प्रस्तावको प्रस्ताव नं. २** माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको संस्थाको चल अचल सम्पति र दायित्व तथा कारोबारको मुल्यांकन **(Due to diligence Audit DDA)** गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गरि निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ती एक्विजिसन तथा खरिद सम्बन्धि समझदारी पत्रमा **(Memorandum of Understanding)** तर्जुमा गर्न र सो सम्बन्धि आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित भयो ।

८) **बिशेष प्रस्तावको प्रस्ताव नं. ३** माथि छलफल गर्दा अध्यक्ष ज्युबाट प्रस्तुत भएको वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय पारित भयो ।

विमल खनाल
कम्पनि सचिव

भगवति बराल
सस्थापक शेयर सदस्य

उपकार लघुवित्त वित्तीय संस्था लि. केन्द्रिय कार्यालय, कोहलपुर (बाँके) उपकार २०७५

शान्ति देवि ढकाल
अध्यक्ष

Scanned with CamScanner